# प्रदेश राजपत्र

प्रदेश नं. ७, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) धनगढी, कैलाली, असार २६ गते, २०७५ साल (अतिरिक्ताङ्क ४(ख)

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

**प्रदेश नं. ७ धनगढी, कैलाली**

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश नं. ७ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन नं. ६

**प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५**

प्रस्तावना: प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं ७ को प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन सम्वत् २०७५ साल साउन १ गतेदेखि लागू हुनेछ।

२. आर्थिक वर्ष २०७५/७६ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार: आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची -१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल २ मा उल्लेखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूका निमित्त सोही अनुसूचीको महल ३ मा उल्लेखित चालु खर्च र महल ४ मा उल्लेखित पुँजीगत खर्चतर्फको रकम समेत गरी महल ६ मा उल्लेखित जम्मा रू. २५,०५,९९,८९,०००।- (अक्षरेपी पच्चीस अर्ब पाँच करोड उनान्सय लाख उनान्नब्बे हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. विनियोजन: (१) यो ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची-२ को महल २ मा उल्लेखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल २ मा उल्लेखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पुँजीगत खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिने छ ।

तर,

क एउटै बजेट शीर्षक/ उपशीर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

ख पूँजीगत खर्चतर्फ विनियोजित रकम चालू खर्च शीर्षक तर्फ सार्न सकिने छैन ।

(४) स्थानीय तहका लागि विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य शीर्षकमा रकमान्तर हुने छैन ।

(५) उपदफा (१) (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अर्थ विविध शीर्षकमा विनियोजन भएको रकम जुन जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश सरकारले स्थानीय तहलाई संविधानको धारा ६० को उपधारा (५) तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (२) बमोजिम स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(२) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम

स्थानीय तहलाई बाँडफाँट हुने वित्तीय समानीकरण अनुदान रकम निर्धारण गर्नेछ ।

(३) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (३) बमोजिम प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सशर्त अनुदान प्रदान गर्दा प्रदेश सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ।

(५) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० को उपदफा (३) बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुरालाई आधार बनाइनेछः

(क) योजनाको सम्भाव्यता,

(ख) योजनाको लागत,

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल र लाभ,

(घ) योजना कार्यान्वयन गर्नसक्ने वित्तीय तथा भौतिक क्षमता र जनशक्ति,

(ङ) योजनाको आवश्यकता र प्राथमिकता ।

(७) उपदफा (६) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कुल लागतको अनुपातका आधारमा प्रदान गरिनेछ ।

(८) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११ को उपदफा (२) बमोजिम प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः

(क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,

(ख) अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्ने ।

(९) प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान तथा विशेष अनुदानको कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) स्थानीय तहले प्राप्त गर्ने उपदफा (१) बमोजिमको वित्तीय समानीकरण अनुदानको रकम कानून बमोजिम स्थानीय तहले खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ ।

(११) उपदफा (१०) बमोजिमको वित्तीय समानीकरण अनुदानको रकममध्ये एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको साउन ३० गते, कार्तिक १० गते, माघ १० गते र बैशाख १० गते गरी ४ किस्तामा दाखिला गर्नेछ ।

(१२) उपदफा (११) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा कार्तिक ९ गते, माघ ९ गते, बैशाख ९ गते र असार मसान्त भित्र बुझाइ सक्नु पर्नेछ ।

(१३) उपदफा (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१२) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिला गरिने छैन ।

(१४) सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्त सम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(१५) उपदफा (१४) बमोजिम दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट समायोजन गर्नेछ ।

५. <u>योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था:</u> (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकारको सूचीमा परेकोमा सम्बन्धित स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम आफैले कार्यान्वयन गर्न चाहेमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने देखेमा सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको योजना वा कार्यक्रम सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरेको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम स्थानीय तहलाई हस्तान्तरण भएको योजना वा कार्यक्रमको लागि विनियोजन भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय

तहलाई यस ऐन तथा प्रचलित कानून बमोजिम निकासा दिनेछ ।

(४) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा हस्तान्तरण भएको वा स्थानीय तहले स्वीकृत गरेको योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन चाहेमा सम्बन्धित मन्त्रालयको स्वीकृती लिई सम्बन्धित कार्यालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित कार्यालयले योजना वा कार्यक्रम कार्यान्वयन गर्ने भएमा सोको निमित्त स्वीकृत भएको रकम स्थानीय तहले त्यस्तो कार्यालयको नाममा हस्तान्तरण गर्नु पर्नेछ ।

(६) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको कुनै निकायले स्वीकृत गरेको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकाय मार्फत सञ्चालन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयसँग स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गराउन सकिनेछ ।

६. <u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्था :</u> (१) स्थानीय तहले आफुले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुने गरी बनाउनु पर्नेछ :

(क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुशरण गर्ने,

(ख) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(ग) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाइने,

(घ) आय व्ययको वर्गिकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम राख्नु पर्ने ।

७. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था :</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरुलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) प्रदेश सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)मा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित

निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(६) उपदफा (५) जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सञ्चित कोष व्यवस्थापन प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ । तर राजपत्रांकित प्रथम श्रेणीको कार्यालय प्रमुख भएको निकायमा निजले चौमासिक विभाजन संशोधन गर्न बाधा पुगेको मानिने छैन ।

(७) उपदफा (६) बमोजिम संशोधन भएको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

८. <u>कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :</u> (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड राजपत्रमा प्रकाशन गरिनेछ ।

९. <u>आदेश जारी गर्न सक्ने :</u> (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

## प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने अनुमानको सारांश

अनुसूची १

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|
| क सं | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | प्रदेश व्यवस्थापिका सचिवालय | २१२५ | ० | २१२५ |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय- अदालतको फैसला वा आदेशअनुसार तिर्नु पर्ने रकम | ३५०० | ० | ३५०० |
|  | कुल जम्मा | ५६२५ | ० | ५६२५ |

## प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

अनुसूची २

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र सं | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | प्रदेश व्यवस्थापिका सचिवालय | १८९६३६ | ४२८२५ | ० | २३२४६१ |
| २ | मुख्य न्यायाधिवक्ता कार्यालय | १२३०४ | १७९०० | ० | ३०२०४ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १०५२९७ | ३४४१९ | ० | १३९७१६ |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३९३२७९६ | १७९२१५३ | ० | ५७२४९४९ |
| ५ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ११२०९४ | ११०११४ | ० | २२२२०८ |
| ६ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय - कार्यक्रम खर्च | १६३१८६५ | ३४६४५६ | ० | १९७८३२१ |
| ७ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १२५८७१७ | १४९०९८ | ० | १४०७८१५ |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३९३५०८ | ८८८५९०० | ० | ९२७९४०८ |
| ९ | सामाजिक विकास मन्त्रालय | ३५३३८५९ | ३३५९४८ | ० | ३८६९८०७ |
| १० | स्थानीय तह (वित्तीय समानीकरण) | ६२०००० | ० | ० | ६२०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | स्थानीय तह (नि:शर्त/सशर्त अनुदान) | ५५१०० | ० | ० | ५५१०० |
| १२ | स्थानीय तह (समपूरक अनुदान) | १०००००० | ० | ० | १०००००० |
| १३ | स्थानीय तह (विषेश अनुदान) | ५००००० | ० | ० | ५००००० |
| | कुल जम्मा | १३३४५१७६ | ११७१४८१३ | ० | २५०५९९८९ |

अन्तर सरकारी स्थानीय तहमा जाने समानीकरण अनुदानको विवरण

अनुसूची ३

रु. हजारमा

| शीर्षक | कुल बजेट | समानिकरण अनुदान |
|---|---|---|
| बाजुरा | | |
| नगरपालिका | | |
| ८०७६९४०१ त्रिवेणी नगरपालिका | ६८२० | ६८२० |
| ८०७६९४०२ बडिमालिका नगरपालिका | ६७२९ | ६७२९ |
| ८०७६९४०३ बुढिगंगा नगरपालिका | ६९१५ | ६९१५ |
| ८०७६९४०४ बुढिनन्दा नगरपालिका | ६७९९ | ६७९९ |
| गाउँपालिका | | |
| ८०७६९५०१ गौमुल गाउँपालिका | ६६०९ | ६६०९ |
| ८०७६९५०२ खप्तड छेडेदह गाउँपालिका | ६८३३ | ६८३३ |
| ८०७६९५०३ पाण्डव गाउँपालिका | ६६८२ | ६६८२ |
| ८०७६९५०४ स्वामिकार्तिक खापर गाउँपालिका | ६७४५ | ६७४५ |
| ८०७६९५०५ हिमाली गाउँपालिका | ६५८९ | ६५८९ |
| बझाङ | | |
| नगरपालिका | | |
| ८०७७०४०१ जयपृथ्वी नगरपालिका | ६८९२ | ६८९२ |
| ८०७७०४०२ बुंगल नगरपालिका | ७२७२ | ७२७२ |
| गाउँपालिका | | |
| ८०७७०५०१ केदारस्युँ गाउँपालिका | ६४५७ | ६४५७ |
| ८०७७०५०२ काँडा गाउँपालिका | ६८९६ | ६८९६ |
| ८०७७०५०३ खप्तडछान्ना गाउँपालिका | ६७६१ | ६७६१ |
| ८०७७०५०४ छबिसपाथिभेरा गाउँपालिका | ६८०८ | ६८०८ |
| ८०७७०५०५ तलकोट गाउँपालिका | ६६८३ | ६६८३ |
| ८०७७०५०६ थलारा गाउँपालिका | ६८३४ | ६८३४ |
| ८०७७०५०७ दुर्गाथली गाउँपालिका | ६७५४ | ६७५४ |
| ८०७७०५०८ मष्टा गाउँपालिका | ६७७५ | ६७७५ |
| ८०७७०५०९ वित्थडचिर गाउँपालिका | ६८२५ | ६८२५ |

| | | |
|---|---|---|
| ८०७७०५१० सूर्मा गाउँपालिका | ६६५४ | ६६५४ |
| डोटी | | |
| नगरपालिका | | |
| ८०७७१४०१ दिपायल सिलगढी नगरपालिका | ७२८२ | ७२८२ |
| ८०७७१४०२ शिखर नगरपालिका | ६९७६ | ६९७६ |
| गाउँपालिका | | |
| ८०७७१५०१ आदर्श गाउँपालिका | ६७७३ | ६७७३ |
| ८०७७१५०२ के.आइ.सिं गाउँपालिका | ६७३० | ६७३० |
| ८०७७१५०३ जोरायल गाउँपालिका | ६६६९ | ६६६९ |
| ८०७७१५०४ पुर्विचौकी गाउँपालिका | ६७६२ | ६७६२ |
| ८०७७१५०५ बुडिकेदार गाउँपालिका | ६६७३ | ६६७३ |
| ८०७७१५०६ बोगटान गाउँपालिका | ६६८२ | ६६८२ |
| ८०७७१५०७ सायल गाउँपालिका | ६७०५ | ६७०५ |
| अछाम | | |
| नगरपालिका | | |
| ८०७७२४०१ कमलबजार नगरपालिका | ६७७२ | ६७७२ |
| ८०७७२४०२ पंचदेवल विनायक नगरपालिका | ६९९० | ६९९० |
| ८०७७२४०३ मंगलसेन नगरपालिका | ७०२८ | ७०२८ |
| ८०७७२४०४ साँफेबगर नगरपालिका | ७०४७ | ७०४७ |
| गाउँपालिका | | |
| ८०७७२५०१ चौरपाटी गाउँपालिका | ६९६४ | ६९६४ |
| ८०७७२५०२ ढकारी गाउँपालिका | ६७४० | ६७४० |
| ८०७७२५०३ तुर्माखाद गाउँपालिका | ६७७९ | ६७७९ |
| ८०७७२५०४ बान्नीगढी जयगढ गाउँपालिका | ६७०४ | ६७०४ |
| ८०७७२५०५ मेल्लेख गाउँपालिका | ६७४४ | ६७४४ |
| ८०७७२५०६ रामारोशन गाउँपालिका | ६९५४ | ६९५४ |
| दार्चुला | | |
| नगरपालिका | | |
| ८०७७३४०१ माहाकाली नगरपालिका | ६९२१ | ६९२१ |
| ८०७७३४०२ शैल्यशिखर नगरपालिका | ६९५१ | ६९५१ |
| गाउँपालिका | | |
| ८०७७३५०१ अपिहिमाल गाउँपालिका | ६५४६ | ६५४६ |
| ८०७७३५०२ देहुँ गाउँपालिका | ६७२८ | ६७२८ |
| ८०७७३५०३ नौगाड गाउँपालिका | ६७६६ | ६७६६ |
| ८०७७३५०४ मार्मा गाउँपालिका | ६७८२ | ६७८२ |

| | | |
|---|---|---|
| ८०७७३५०५ मालिकार्जुन गाउँपालिका | ६८२२ | ६८२२ |
| ८०७७३५०६ लेकम गाउँपालिका | ६८१३ | ६८१३ |
| ८०७७३५०७ व्यास गाउँपालिका | ६५४५ | ६५४५ |
| **बैतडी** | | |
| नगरपालिका | | |
| ८०७७४४०१ दशरथचन्द नगरपालिका | ७२४७ | ७२४७ |
| ८०७७४४०२ पुर्चौडी नगरपालिका | ६९७९ | ६९७९ |
| ८०७७४४०३ पाटन नगरपालिका | ७३२८ | ७३२८ |
| ८०७७४४०४ मेलौली नगरपालिका | ६७७१ | ६७७१ |
| गाउँपालिका | | |
| ८०७७४५०१ डिलासैनी गाउँपालिका | ६७७४ | ६७७४ |
| ८०७७४५०२ दोगडाकेदार गाउँपालिका | ६७८० | ६७८० |
| ८०७७४५०३ पन्चेश्वर गाउँपालिका | ६७२८ | ६७२८ |
| ८०७७४५०४ शिवनाथ गाउँपालिका | ६७१६ | ६७१६ |
| ८०७७४५०५ सुर्नया गाउँपालिका | ६७२३ | ६७२३ |
| ८०७७४५०६ सिसाग गाउँपालिका | ६६९९ | ६६९९ |
| **डडेल्धुरा** | | |
| नगरपालिका | | |
| ८०७७५४०१ अमरगढी नगरपालिका | ६७०० | ६७०० |
| ८०७७५४०२ परशुराम नगरपालिका | ७१९० | ७१९० |
| गाउँपालिका | | |
| ८०७७५५०१ अजयमेरु गाउँपालिका | ६६५१ | ६६५१ |
| ८०७७५५०२ आलिताल गाउँपालिका | ६६३६ | ६६३६ |
| ८०७७५५०३ गन्यापधुरा गाउँपालिका | ६६३१ | ६६३१ |
| ८०७७५५०४ नवदुर्गा गाउँपालिका | ६७०४ | ६७०४ |
| ८०७७५५०५ भागेश्वर गाउँपालिका | ६६२६ | ६६२६ |
| **कञ्चनपुर** | | |
| नगरपालिका | | |
| ८०७७६४०१ कृष्णपुर नगरपालिका | ७७८८ | ७७८८ |
| ८०७७६४०२ पुनर्वास नगरपालिका | ७६५९ | ७६५९ |
| ८०७७६४०३ वेदकोट नगरपालिका | ७५८२ | ७५८२ |
| ८०७७६४०४ बेलौरी नगरपालिका | ७६४३ | ७६४३ |
| ८०७७६४०५ भिमदत्त नगरपालिका | ९४७४ | ९४७४ |
| ८०७७६४०६ माहाकाली नगरपालिका | ७३४५ | ७३४५ |
| ८०७७६४०७ शुक्लाफाँटा नगरपालिका | ७५४१ | ७५४१ |

| | | |
|---|---|---|
| गाउँपालिका | | |
| ८०७७६५०१ बेलडाँडी गाउँपालिका | ६७६२ | ६७६२ |
| ८०७७६५०२ लालझाडी गाउँपालिका | ६६९३ | ६६९३ |
| कैलाली | | |
| उपमहानगरपालिका | | |
| ८०७७७३०१ धनगढी उप महानगरपालिका | १०४२१ | १०४२१ |
| नगरपालिका | | |
| ८०७७७४०१ गोदावरी नगरपालिका | ८४१३ | ८४१३ |
| ८०७७७४०२ गौरीगंगा नगरपालिका | ७८३८ | ७८३८ |
| ८०७७७४०३ घोडाघोडी नगरपालिका | ८४२९ | ८४२९ |
| ८०७७७४०४ टिकापुर नगरपालिका | ८५११ | ८५११ |
| ८०७७७४०५ भजनी नगरपालिका | ७५८९ | ७५८९ |
| ८०७७७४०६ लम्किचुहा नगरपालिका | ८३९३ | ८३९३ |
| गाउँपालिका | | |
| ८०७७७५०१ कैलारी गाउँपालिका | ७५८० | ७५८० |
| ८०७७७५०२ चुरे गाउँपालिका | ६६६० | ६६६० |
| ८०७७७५०३ जानकी गाउँपालिका | ७५८५ | ७५८५ |
| ८०७७७५०४ जोशिपुर गाउँपालिका | ७२८४ | ७२८४ |
| ८०७७७५०५ बर्दगोरिया गाउँपालिका | ७०३२ | ७०३२ |
| ८०७७७५०६ मोहन्याल गाउँपालिका | ६७१५ | ६७१५ |
| जम्मा | ६२०००० | ६२०००० |

प्रमाणीकरण मिति : २०७५/०३/२६

आज्ञाले,
भरत कुमार बुढाथोकी
प्रदेश सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.ह.द.नं. १६।२०६२।६३